खण्डः६ संख्याः६ मितिः २०८०।११।०१

# केदारस्यूँ गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः६ संख्याः६ मितिः२०८०।११।०१

भागः १

## केदारस्यूँ गाउँपालिका शिक्षा ऐन, २०८०

**गाउँसभाको स्वीकृत मिति २०८०।१०।१८**

**प्रस्तावनाः**

राष्ट्रिय विकासका लागि केदारस्यूँ गाउँपालिका अन्तर्गतका विद्यालय उमेरका सबै बालबालिकाका लागि उच्च गुणस्तरको जीवन पर्यन्त सिकाईद्वारा यस क्षेत्रमा आवश्यक पर्ने दक्ष, योग्य, सीपयुक्त जनशक्ति उत्पादन गर्न तथा सर्वसाधारण जनतालाई सर्वसुलभ ज्ञान दिन र संघीय लोकतान्त्रिक गणतन्त्रात्मक व्यवस्था अनुकूल जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न यस पालिकामा स्थापना भई सञ्चालन भैरहेका तथा स्थापना हुने विद्यालयहरूको व्यवस्थापनमा सुधार गर्दै विद्यालय शिक्षाको विकास गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२६ को उपधारा (१) र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी केदारस्यूँ गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ।

### परिच्छेद - १
### प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**– (१) यो ऐनको नाम "केदारस्यूँ गाउँपालिका शिक्षा ऐन २०८०" रहेको छ।

(२) यो ऐन तुरुन्त लागू हुनेछ।

२. **परिभाषा :-** विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा ;

केदारस्यूँ गाउँपालिका

(क) "अनुमति" भन्नाले नेपाल सरकार वा पालिकाले स्थायी स्वीकृति प्रदान गरिनसकेको कुनै तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा कक्षा थप गर्न दिएको अस्थायी स्वीकृतिलाई जनाउँछ।

(ख) "अभिभावक" भन्नाले विद्यालयमा अध्ययनरत विद्यार्थीको बाबु, आमा, बाजे, बजै वा त्यस्ता अभिभावक नभएमा विद्यालयमा अध्ययनरत बालबालिकालाई संरक्षण गर्ने व्यक्तिहरू मध्येवाट विद्यालयको अभिलेखमा जनिएको व्यक्तिलाई जनाउँछ।

(ग) "आधारभूत शिक्षा" भन्नाले प्रारम्भिक बाल शिक्षादेखि कक्षा आठसम्म दिइने शिक्षा सम्झनु पर्छ।

(घ) "आवासीय विद्यालय" भन्नाले नेपाल सरकार वा केदारस्यूँ गाउँपालिकाबाट आवासीय विद्यालयको रूपमा स्वीकृति प्रदान गरिएको विद्यालयलाई जनाउँछ।

(ङ) "कर्मचारी" भन्नाले सामुदायिक विद्यालयमा कार्यरत शिक्षक बाहेकका अन्य कर्मचारी सम्झनु पर्छ।

(च) "तालिम केन्द्र" भन्नाले यस ऐन वमोजिम अनुमति प्राप्त गरी विभिन्न सीपमूलक तालिम प्रदान गर्ने संस्थालाई जनाउँछ।

(छ) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस ऐन अन्तर्गत बनेका नियम, कार्यविधि, निर्देशिकामा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ।

(ज) "नियुक्ति गर्ने अधिकारी " भन्नाले शिक्षक तथा कर्मचारी नियुक्ती गर्न तोकिएको अधिकारी सम्झनुपर्दछ।

(ञ) "पालिका" भन्नाले केदारस्यूँ गाउँपालिका सम्झनुपर्छ।

(ट) "पुस्तकालय" भन्नाले नेपाल सरकार, पालिकाबाट अनुमति लिई सञ्चालन भएको विभिन्न पुस्तकहरू संग्रह गरी अध्ययन गर्न उपयुक्त हुने गरी निर्माण गरिएको संस्था जनाउँछ।

(ठ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले पालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्दछ।

(ड) "प्रादेशिक शिक्षा ऐन" भन्नाले सुदूरपश्चिम प्रदेश सभाले बनाएको शिक्षा ऐन सम्झनु पर्दछ।

(ढ) "प्रारम्भिक बालशिक्षा" भन्नाले चार वर्ष उमेर पुरा भएका बालबालिकालाई दिइने एक वर्षको प्रारम्भिक बाल शिक्षा सम्झनु पर्छ।

(ण) "प्राविधिक तथा व्यावसायिक शिक्षा" भन्नाले प्राविधिक ज्ञान, सीप तथा विषयवस्तुको सिकाई गरी प्रविधि र व्यवसायको शिक्षा प्रदान गर्न कक्षा नौ देखि कक्षा बाह्र सम्म अध्यापन गराइने शिक्षालाई सम्झनु पर्छ।

(त) "माध्यमिक शिक्षा" भन्नाले कक्षा नौदेखि कक्षा बाह्रसम्म दिइने शिक्षा सम्झनुपर्छ।

(थ) "विद्यालय शिक्षा" भन्नाले आधारभूत र माध्यमिक दुवै शिक्षा सम्झनु पर्छ।

(द) "विशेष शिक्षा" भन्नाले दृष्टिविहिन, बहिरा, अटिज्म बौद्धिक अपाङ्गता, सुस्तश्रवण वा अति अशक्त शारीरिक अपाङ्गता भएका बालबालिकालाई छुट्टै समूहमा राखी दिइने शिक्षा सम्झनु पर्छ।

(ध) "शाखा" भन्नाले केदारस्यूँ गाउँपालिकाको शिक्षा, यूवा तथा खेलकुद शाखा सम्झनु पर्दछ।

(न) "शाखा प्रमुख" भन्नाले केदारस्यूँ गाउँपालिकाको शिक्षा, युवा तथा खेलकुद शाखाको प्रमुखलाई सम्झनु पर्दछ।

(प) "शिक्षक" भन्नाले विद्यालयको अध्यापक सम्झनु पर्छ र सो शब्दले प्रधानाध्यापक समेतलाई जनाउँछ।

(फ) "शैक्षिक परामर्श केन्द्र" भन्नाले शैक्षिक परामर्श प्रदान गर्ने उद्देश्यले नेपाल सरकारबाट वा यस पालिकाबाट अनुमति वा स्वीकृत प्राप्त संस्थालाई जनाउँछ।

(ब) "शैक्षिक गुठी" भन्नाले विद्यालय सञ्चालन गर्नको लागि कुनै व्यक्तिले नाफा नलिने उद्देश्यले स्थापना गरेको सार्वजनिक वा निजी गुठी सम्झनु पर्छ।

(भ) "सहकारी विद्यालय" भन्नाले कुनै सहकारी संस्थाले नाफा नलिने उद्देश्यले स्थापना गरेको सहकारीका सदस्यहरुद्वारा सञ्चालित विद्यालय सम्झनु पर्छ।

(म) "सभा" भन्नाले केदारस्यूँ गाउँपालिकाको सभालाई सम्झनुपर्छ।

(य) "समावेशी शिक्षा" भन्नाले देहायको शिक्षा सम्झनु पर्छः–

(१) दृष्टिविहिन, न्यून दृष्टियुक्त, बहिरा, सुस्त श्रवण, अटिज्म बौद्धिक, शारीरिक वा अन्य अपाङ्गता भएका बालबालिकालाई नियमित शैक्षिक पद्धतिको अधिनमा रही दिइने शिक्षा।

(२) सामाजिक, आर्थिक वा भौगोलिक कारणले पछाडी परेका व्यक्तिलाई विभेदरहित वातावरणमा दिइने शिक्षा।

(र) "समिति" भन्नाले गाउँपालिकाको शिक्षा समितिलाई सम्झनु पर्छ।

(ल) "सामुदायिक विद्यालय" भन्नाले समुदायको पहलमा स्थापना गरिएको नाफा नकमाउने प्रकृतिको नेपाल सरकार, प्रदेश सरकार र केदारस्यूँ गाउँपालिकाबाट नियमित रूपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनुपर्छ।

(व) "संस्थागत विद्यालय" भन्नाले निजी पहल र लगानीमा स्थापना गरिएका नेपाल सरकार, प्रदेश र स्थानीय सरकारबाट नियमित रूपमा अनुदान नपाउने गरी अनुमति वा स्वीकृति प्राप्त विद्यालय सम्झनु पर्छ।

(श) "स्वीकृति" भन्नाले तोकिए बमोजिमको शर्त पूरा गरेको विद्यालयलाई नेपाल सरकार तथा स्थानीय सरकारले दिएको स्थायी स्वीकृतिलाई जनाउँछ।

(ष) "स्थायी आवासीय अनुमति" भन्नाले विदेशी मुलुकले कुनै शर्त तोकी वा सो मुलुकमा स्थायी रूपमा बसोबास गर्न पाउने गरी नेपाली नागरिकलाई उपलब्ध गराएको डाइभर्सिटी इमिग्रेन्ट भिसा (डि.भी.), परमानेन्ट रेजिडेन्ट भिसा (पी.आर.) वा ग्रीन कार्ड सम्झनु पर्छ र सो शब्दले नेपाली नागरिकलाई विदेशमा स्थायी रूपमा बसोबास गर्न दिइएको जुनसुकै नामको स्थायी आवासीय अनुमति समेतलाई जनाउँछ।

(स) "संघीय शिक्षा ऐन" भन्नाले संघीय व्यवस्थापिका संसदले बनाएको शिक्षा ऐन सम्झनु पर्दछ।

## परिच्छेद - २

## विद्यालय स्थापना र सञ्चालन

केदारस्यूँ गाउँपालिका

३. **विद्यालय खोल्न अनुमति लिनुपर्नेः**– (१) गाउँपालिका क्षेत्रभित्र कुनै समुदायले सामुदायिक विद्यालय वा नेपाली नागरिकले शैक्षिक गुठी अन्तर्गत संस्थागत विद्यालय वा सहकारी अन्तर्गत सहकारी विद्यालय खोल्न चाहेमा तोकिएको विवरण खुलाई वडा शिक्षा समितिको सिफारिस सहित शिक्षा, यूवा तथा खेलकुद शाखामा अनुमतिको लागि निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सो निवेदन उपर तोकिएको अधिकारीले आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा विद्यालय खोल्न अनुमति दिन मनासिब देखिएमा तोकिएको शर्त बन्देज पालना गर्ने गरी शिक्षा समितिको निर्णयानुसार तोकिएको अधिकारीले अनुमति दिनेछ।

(३) उपदफा (२) बमोजिम अनुमति लिई खोलिएको विद्यालयले तोकिएका शर्त बन्देज पालन गरेको देखिएमा शिक्षा समितिको सिफारिसमा तोकिएको अधिकारीले स्वीकृति प्रदान गर्नेछ।

(४) यो दफा प्रारम्भ हुँदाका बखत कम्पनीको रूपमा सञ्चालनमा रहेका विद्यालयहरूले चाहेमा कम्पनी खारेज गरी शैक्षिक गुठी अन्तर्गत विद्यालय सञ्चालन गर्न शिक्षा, यूवा तथा खेलकुद शाखामा निवेदन दिन सक्नेछ।

(५) उपदफा (४) बमोजिम निवेदन परेमा तोकिएको अधिकारीले सो निवेदन उपर आवश्यक जाँचबुझ गर्नेछ र जाँचबुझ गर्दा निवेदन दिने विद्यालयको माग मनासिब देखिएमा माग बमोजिम विद्यालय सञ्चालन गर्न शिक्षा समितिको निर्णयानुसार अनुमति तथा स्वीकृति दिनेछ।

(६) उपदफा (२), (३) वा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका विद्यालयलाई शैक्षिक गुठी वा सहकारीको रूपमा सञ्चालन गर्न पाउने गरी अनुमति वा स्वीकृति दिइने छैनः–

(क) सरकारी वा सार्वजनिक भवनमा सञ्चालन भएका विद्यालय,

(ख) सरकारी वा सार्वजनिक जग्गामा भवन बनाई सञ्चालन भएका विद्यालय,

(ग) कुनै व्यक्ति वा संस्थाले विद्यालयको नाममा भवन वा जग्गा दानदातव्य दिएकोमा सो भवनमा वा त्यस्तो जग्गामा भवन बनाई सञ्चालन भएको विद्यालय।

(७) यस ऐन वा अन्य प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भए तापनि शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय सञ्चालन गर्दा देहाय बमोजिम गर्नु पर्नेछः–

(क) शैक्षिक गुठी वा सहकारी सञ्चालन गर्ने गुठी सञ्चालक (ट्रष्टी) सङ्गठित संस्थाको रूपमा हुनुपर्ने,

(ख) शैक्षिक गुठी वा सहकारी सञ्चालन गर्दा ट्रष्टीमा सार्वजनिक गुठी वा सहकारी भए कम्तीमा पाँचजना र निजी गुठी भए कम्तीमा तीनजना सदस्य हुनुपर्ने,

(ग) शैक्षिक गुठी वा सहकारीको आय–व्ययको लेखा तोकिए बमोजिमको ढाँचा र प्रचलित लेखाका सिद्धान्तका आधारमा अभिलेख खडा गरी मान्यता प्राप्त गाउँपालिकाले अद्यावधिक गरेको अभिलेखमा समेटिएका लेखा परीक्षकमध्येबाट शिक्षा समितिले तोकेका लेखा परीक्षकबाट लेखापरीक्षण गराउनु पर्ने,

(घ) शैक्षिक गुठी वा सहकारीको तत्काल कायम रहेका ट्रष्टले आफ्नो जीवनकालमै वा शेषपछि गुठीयारको रूपमा काम गर्ने आफ्नो उत्तराधिकारी तोक्न सक्ने छ। तर सार्वजनिक शैक्षिक गुठीको हकमा त्यस्तो उत्तराधिकारी तोक्दा पालिकाको स्वीकृति लिनु पर्नेछ।

(८) कुनै सामाजिक, परोपकारी वा कल्याणकारी संस्थाले मुनाफा नलिने उद्देश्य राखी विद्यालय सञ्चालन गर्न चाहेमा तोकिएको अधिकारीबाट स्वीकृति लिई सार्वजनिक शैक्षिक गुठी वा सहकारी अन्तर्गत विद्यालय सञ्चालन गर्न सक्नेछ।

(९) उपदफा (८) बमोजिम सञ्चालित विद्यालयले पालन गर्नु पर्ने शर्त तथा अन्य व्यवस्था तोकिए बमोजिम हुनेछन्।

(१०) माथिका उपदफाहरूमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै विदेशी शिक्षण संस्थासँग सम्बन्धन गर्ने गरी कसैलाई पनि विद्यालय खोल्न अनुमति वा स्वीकृति दिइने छैन। तर नेपाल सरकारसँग सम्झौता भएमा त्यस्ता विद्यालयहरूलाई पनि पालिकाले अनुमतिका लागि मनासिव देखेमा अनुमति दिन सक्नेछ। यसरी सञ्चालित विद्यालयहरूलाई नेपाल सरकारले जुनसुकै बेला बन्द गर्न सक्नेछ। यस प्रकारको विद्यालयलाई पनि यस दफा अन्तरगतका उपदफा १ र २ अनिवार्य हुनेछ।

(११) प्राविधिक शिक्षा सञ्चालन गर्न चाहने विद्यालयको अनुमति तथा स्वीकृति सम्वन्धी व्यवस्था तोकिए वमोजिम हुनेछ।

(१२) आफ्नै स्रोतबाट पूर्वप्राथमिक विद्यालय वा बालविकास कक्षा खोल्ने अनुमति तथा स्वीकृति वडा समितिको सिफारिसमा गाउँपालिकाले दिन सक्नेछ।

(१३) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन तोकिए बमोजिम हुनेछ।

४. **विद्यालय सञ्चालन:-** विद्यालयको सञ्चालन तोकिए बमोजिम हुनेछ।

५. **विद्यालयको कक्षा थप सम्बन्धी व्यवस्था:-** (१) कुनै विद्यालयले कक्षा थप गर्न चाहेमा शैक्षिक सत्र शुरु हुनुभन्दा कम्तीमा तीन महिना अगावै शिक्षा, यूवा तथा खेलकुद शाखामा निवेदन दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम निवेदन पेश भएमा गाउँपालिका अध्यक्षको निर्देशनमा शिक्षा, यूवा तथा खेलकुद शाखाले थप हुने कक्षाको लागि पूर्वाधार पूरा भए वा नभएको सम्बन्धमा आवश्यक जाँचबुझ गरी गराई स्थलगत प्रतिवेदन सहित कक्षा थप गर्न अनुमति दिने वा नदिने सम्बन्धमा आवश्यक निर्णयका लागि शिक्षा समितिमा पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पेश भएमा शिक्षा समितिले निवेदक विद्यालयमा कक्षा थप गर्न अनुमति दिने वा नदिने सम्बन्धमा निर्णय गर्नेछ। शिक्षा समितिबाट अनुमति दिने भनी निर्णय भएका विद्यालयहरुको सूचीसहित गाउँपालिकाले कार्यालयको वेभसाइट मार्फत तोकिएको मितिभित्र नियमानुसारको कर तिरी अनुमति पत्र लिनका लागि सूचना प्रकाशन गर्नेछ।

(४) विद्यालयको कक्षा थप सम्बन्धि अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

६. **विद्यालयको ठाउँ सारी सम्बन्धी व्यवस्था :-** (१) अन्यत्र स्थानीय तहबाट केदारस्यूँ गाउँपालिकामा कुनै पनि संस्थागत विद्यालयले ठाउँसारी गर्नका लागि गाउँपालिकाको अनुमति लिनुपर्नेछ।

(२) उचित र प्रर्याप्त कारण भएमा गाउँपालिकाको क्षेत्रभित्र सञ्चालनमा रहेको विद्यालयलाई एक ठाउँबाट अर्को ठाउँमा सम्बन्धित वडा समितिको सिफारिसमा शिक्षा समितिले तोकिए बमोजिम ठाउँसारी गर्न सक्नेछ।

७. **परीक्षा सञ्चालन तथा व्यवस्थापन :-** (१) गाउँपालिका क्षेत्रभित्रका विद्यालयहरुको आधारभूत तह कक्षा आठको अन्तिम परीक्षा गाउँपालिकाले सञ्चालन गर्नेछ।

(२) उपदफा (१) बमोजिम परीक्षा सञ्चालन गर्न तोकिए बमोजिमका सदस्यहरु रहेको एक आधारभूत शिक्षा परीक्षा समिति रहनेछ।

(३) आधारभूत शिक्षा परीक्षा समितिको काम, कर्तव्य र अधिकार तोकिएबमोजिम हुनेछ।

(४) विद्यालयका अन्य कक्षाहरुको परीक्षा तोकिए बमोजिम हुनेछ।

८. **माध्यमिक शिक्षाको प्रकार**ः– माध्यमिक शिक्षाका प्रकार देहाय बमोजिम हुनेछन्ः–

(क) साधारण माध्यमिक शिक्षा,

(ख) संस्कृत माध्यमिक शिक्षा,

(ग) प्राविधिक तथा व्यावसायिक माध्यमिक शिक्षा।

९. **विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर तथा खुला शिक्षा र वैकल्पिक सिकाइ सम्बन्धी व्यवस्था :-** (१) गाउँपालिकाले आवश्यक पूर्वाधारको व्यवस्था गरी विशेष शिक्षा, समावेशी शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर तथा खुला शिक्षा र वैकल्पिक सिकाइको व्यवस्थापन गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम कुनै विद्यालयले विशेष शिक्षा, अनौपचारिक शिक्षा, निरन्तर शिक्षा, दूर शिक्षा तथा खुला शिक्षा सञ्चालन गर्न चाहेमा गाउँपालिकाले सो सम्बन्धमा आवश्यक जाँचबुझ गरी सो विद्यालयलाई त्यस्तो शिक्षा सञ्चालन गर्न तोकिए बमोजिम स्वीकृति दिन सक्नेछ।

(३) दूर शिक्षा, विशेष शिक्षा र समावेशी शिक्षाको सञ्चालन साधारण शिक्षा सरह हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएतापनि पनि दृष्टिविहिन, न्यूनदृष्टियुक्त, पूर्ण दृष्टिविहिन, बहिरा, सुस्त श्रवण, अटिज्म, बौद्धिक अपाङ्गता तथा श्रवण दृष्टिविहिन भएका बालबालिकाको लागि पाठ्यक्रम, पाठ्यपुस्तक, शिक्षण सिकाइ र मूल्याङ्कन प्रणालीमा फरक व्यवस्था गर्न सकिनेछ।

(५) अनौपचारिक शिक्षा, निरन्तर शिक्षा र दूर तथा खुला शिक्षाको सञ्चालन तोकिए बमोजिमको हुनेछ।

(६) गाउँपालिकाले कुनै महामारी वा विपत्तिजन्य अवस्थामा विद्यालयको पठनपाठन सञ्चालन गरिराख्नका लागि वैकल्पिक सिकाइको व्यवस्था गर्न सक्नेछ।

१०. **शिक्षाको माध्यम**ः– (१) विद्यालयमा शिक्षाको माध्यम नेपाली भाषा, अंग्रेजी भाषा वा दुबै भाषा हुनेछ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा विद्यालयमा शिक्षाको माध्यम देहाय बमोजिम हुन सक्नेछः–

(क) आधारभूत तहको प्रारम्भिक बाल विकास देखि कक्षा ५ सम्म मातृभाषामा दिन सकिनेछ,

(ख) गैर नेपाली नागरिकले नेपालको विद्यालयमा अध्ययन गर्दा अनिवार्य नेपाली विषयको सट्टा तोकिएका अन्य कुनै भाषाको विषय अध्ययन गर्न सक्नेछ,

(ग) भाषा विषयमा अध्ययन गराउँदा शिक्षाको माध्यम सोही भाषा हुनेछ,

(घ) अनिवार्य अंग्रेजी विषय अध्ययन गराउँदा भाषाको माध्यम अंग्रेजी नै हुनेछ।

**११. विद्यालयमा लागु हुने पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी व्यवस्था :-** (१) विद्यालयले नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रम र पाठ्यपुस्तक लागू गर्नुपर्नेछ।

(२) गाउँपालिकाले राष्ट्रिय पाठ्यक्रम प्रारूपले तोकेबमोजिम स्थानीय पाठ्यक्रम र पाठ्यपुस्तक निर्माण गरी लागू गर्न सक्नेछ।

(३) विद्यालयमा लागु हुने पाठ्यक्रम र पाठ्यपुस्तक सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ।

(४) संस्थागत विद्यालयले एउटा शैक्षिक सत्रमा लागु गरेको एउटा प्रकाशनको पाठ्यपुस्तक कम्तिमा ३ शैक्षिक सत्रसम्ममा परिवर्तन गर्न पाईने छैन।

## परिच्छेद - ३
## शिक्षा समिति र विद्यालय व्यवस्थापन समिति

**१२. शिक्षा समितिः-** (१) पालिका क्षेत्रभित्र सञ्चालन भएका विद्यालयहरुको रेखदेख, समन्वय, व्यवस्थापन र नियमन गर्ने कामको लागि देहाय बमोजिमको शिक्षा समिति रहनेछः–

(क) पालिका अध्यक्ष – अध्यक्ष

(ख) पालिकाले तोकेको सामाजिक विकास समितिको संयोजक – सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(घ) पालिकाले तोकेको कार्यपालिका सदस्यहरूमध्येबाट एकजना महिला सदस्य – सदस्य

(ङ) सामुदायिक विद्यालयका विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरूमध्येबाट शिक्षा समितिले मनोनित गरेको एक जना – सदस्य

(च) समाजसेवी वा शिक्षाविद्हरुमध्येबाट शिक्षा समितिले मनोनित गरेका कम्तीमा एक जना दलित वा अल्पसंख्यक वा अपाङ्गता भएका व्यक्ति तथा महिला सहित दुईजना – सदस्य

(छ) शिक्षण पेशामा उच्च योगदान पुर्‍याएका सामुदायिक र संस्थागत विद्यालयका प्रधानाध्यापकहरु वा शिक्षकहरूमध्येबाट शिक्षा समितिले मनोनित गरेको सामुदायिक तथा संस्थागत विद्यालयबाट कम्तीमा एक जना महिला सहित तीन जना – सदस्य

(ज) शिक्षा,यूवा तथा खेलकुद शाखा प्रमुख – सदस्य सचिव

(२) समितिका पदेन सदस्य बाहेक मनोनित सदस्यको कार्यकाल दुई वर्षको हुनेछ।

(३) उपदफा (१) अन्तर्गत मनोनित सदस्यले र अन्य सदस्यले आफ्नो पदीय आचरण पूरा नगरेमा जुनसुकै समयमा पनि हटाउन वा वर्खास्त गर्न सकिनेछ। तर त्यसरी हटाउन वा वर्खास्त गर्नु अघि मनासिब माफिकको स्पष्टिकरणको मौकावाट बञ्चित गरिने छैन।

(४) शिक्षा समितिको बैठक कम्तिमा एक महिनाको एक पटक वा आवश्यकतानुसार बस्न सक्नेछ।

(५) शिक्षा समितिका सदस्यहरुलाई समितिको वैठकमा उपस्थित भई छलफलमा भाग लिएमा वैठक भत्ता उपलब्ध गराईनेछ।

(६) समितिको वैठकमा गाउँपालिका उपाध्यक्ष र पालिका शिक्षक महासंघको प्रतिनिधिलाई आमन्त्रण गर्न सकिनेछ।

**१३. शिक्षा समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–**

(क) आफ्नो कार्य क्षेत्रभित्रको शैक्षिक योजना तयार गर्ने,

(ख) पालिका क्षेत्रभित्र विद्यालय सञ्चालनका लागि अनुमति, स्वीकृति प्रदान गर्ने।

(ग) तोकिएको मापदण्ड पुरा भएका विद्यालय सार्ने, गाभ्ने कार्यका लागि कार्यपालिकालाई सिफारिस गर्ने,

(घ) विद्यालयको लागि आवश्यक साधन श्रोत जुटाउने र परिचालन गर्ने, गराउने,

(ङ) आफ्नो क्षेत्रभित्र सञ्चालन हुने परीक्षालाई मर्यादित र भय रहित बनाउन सहयोग गर्ने,

(च) विद्यालयको वार्षिक लेखा परीक्षणका लागि पालिकामा सूचिकृत वा अभिलेखिकरण भएका लेखा परीक्षकहरुलाई सो कार्यका लागि नियुक्त गर्ने

(छ) विद्यालय व्यवस्थापन समितिलाई आवश्यक निर्देशन दिने र सचेत गराउने,

(ज) शिक्षाको गुणस्तर कायम राख्ने सूचक विकास गर्ने र प्रगति मूल्याङ्कन गर्ने,

(झ) विद्यालयहरूको सामाजिक परीक्षण गर्ने गराउने,

(ञ) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारी व्यवस्थापन गर्ने,

(ट) विद्यालयको सुपरीवेक्षण तथा अनुगमन गर्ने/गराउने,

(ठ) शैक्षिक गुठीसँग गर्ने सम्झौताका शर्तहरू निर्धारण गर्ने,

(ड) शैक्षिक संस्थासँग आबद्ध शिक्षक कर्मचारीहरूलाई आवश्यक प्रोत्साहन, दण्ड, सजायसम्बन्धी कार्य गर्ने गराउने,

(ढ) करार शिक्षकहरुको छनौटका लागि प्रत्येक वर्ष तोकिएबमोजिम विशेषज्ञहरुको छनौट गरेर सूची अद्यावधिक गर्ने,

(ण) पालिकाभित्र स्थापना भएका पुस्तकालय, वाचनालय र सिकाइ केन्द्रको संवर्धन, संरक्षण तथा अनुमति प्रदान गर्ने,

(त) क्षेत्रभित्र अनुमति प्राप्त गरी सञ्चालन भएका शैक्षिक परामर्श केन्द्र, विभिन्न प्रकारका कोचिङ सेन्टर आदिको अनुगमन तथा निरीक्षण,नियमन गर्ने। अनुमति माग भएमा तोकिएको पूर्वाधार पुगेका संस्थाहरूलाई अनुमति प्रदान गर्ने,

(थ) प्राविधिक शिक्षा तथा व्यवसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमती, अनुगमन, मूल्याङ्कन र नियमन सम्बन्धी कार्य गर्ने गराउने,

(द) शिक्षण सिकाई, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास सम्बन्धी कार्य गर्ने गराउने,

(ध) वडा शिक्षा समितिबाट सिफारिस सहित आएका विद्यालयको शैक्षिक गुणस्तर एवं भौतिक पूर्वाधार विकासको गुरुयोजना स्वीकृत गरी लागु गराइनेछ,

(न) सामुदायिक विद्यालयका शिक्षक तथा कर्मचारीको दरवन्दी मिलान गर्ने,

(प) विद्यालय व्यवस्थापन समितिलाई तालिमको व्यवस्था गर्ने,

(फ) तोकिए बमोजिमका अन्य कार्यहरू गर्ने।

१३. **शिक्षा शाखा प्रमुखको शिक्षा सम्बन्धी काम, कर्तव्य र अधिकार :-** (१) शाखा प्रमुखको काम, कर्तव्य र अधिकार देहाय वमोजिम हुनेछ :-

(क) विद्यालहरुको निरीक्षण तथा सुपरीवेक्षण गर्ने गराउने।

(ख) शैक्षिक कार्यक्रमहरु कार्यान्वयन गर्ने गराउने।

(ग) शिक्षा सम्बन्धी पालिका स्तरीय योजना कार्यपालिका वा सभाबाट पारित गराई कार्यान्वयन गर्ने।

(घ) शिक्षाको गुगस्तर बढाउनका लागि प्रधानाध्यापक तथा व्यवस्थापन समितिका अध्यक्षहरुको समय समयमा वैठक, गोष्ठी र तालिमको व्यवस्था गर्ने।

(ङ) आधारभूत तहको अन्तमा लिईने परीक्षा सञ्चालन गर्ने।

(च) विद्यालयको अन्तिम परीक्षाको अभिलेख, प्रश्नपत्र र उत्तरपुस्तिका झिकाई जाँच गर्ने, विद्यालय शिक्षाको गुणस्तर वृद्धि भए नभएको सम्बन्धमा मूल्याङ्कन गरि अभिलेख राख्ने तथा सो सम्बन्धमा सुधारका आवश्यक अन्य कार्यहरु गर्ने गराउने।

(छ) आयोगबाट सिफारिश भई तथा शिक्षा विकास तथा समन्वय ईकाई बझाङबाट नियुक्ति भई आएका स्थायी शिक्षकहरुलाई पदस्थापन गर्ने।

(ज) विद्यालयले स्वीकृत पाठ्यक्रम तथा पाठ्यपुस्तक लागु गरे नगरेको सम्बन्धमा निरीक्षण गर्ने गराउने।

(झ) विद्यालयको लेखा परीक्षण तथा सामाजिक परीक्षण गर्ने गराउने।

(ञ) सालबसाली सामुदायिक विद्यालयका स्थायी शिक्षकहरुको तलवी प्रतिवेदन पारित गर्ने गराउने।

(ट) विद्यालयमा विद्यालय व्यवस्थापन समिति तथा शिक्षक अभिभावक संघ गठन गर्ने गराउने।

(ठ) शिक्षकहरुको कार्य क्षमताको मूल्याङ्कन गरी त्यसको अभिलेख राख्ने।

(ड) शिक्षकलाई तालिमका लागि सिफारिश गर्ने।

(ढ) विद्यालयका शिक्षक तथा कर्मचारीहरुको विदाको अभिलेख शैक्षिक सत्रको अन्तमा प्रमाणित गर्ने। यसको अभिलेख राष्ट्रिय किताबखाना (शिक्षक) मा पठाउने र विद्यालयमा समेत राख्न लगाउने।

(ण) विद्यालयका शिक्षक तथा कर्मचारीहरुको हाजिरी अभिलेख दुरुस्त भए नभएको छड्के जाँच वा निरीक्षण गरि विदा नलिई अनुपस्थित शिक्षक तथा कर्मचारीहरुको हकमा हाजिरी पुस्तिकामा गयल जनाई सोको जनाउ सहितको कारवाहीका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षा समितिलाई सिफारिश गर्ने।

(त) स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को परिच्छेद ३ को दफा ११ (ज) मा उल्लेख भएका सबै कामहरु गर्ने गराउने।

(थ) तोकिएका अन्य कार्यहरु गर्ने गराउने।

१४. **वडा शिक्षा समितिः–** (१) वडाभित्रका विद्यालयहरुको सञ्चालन, रेखदेख, संरक्षण, सम्बर्द्धन, नियमन गर्न वडास्तरमा देहाय बमोजिमको वडा शिक्षा समिति रहनेछ :-

(क) विद्यालय रहेको सम्वन्धित वडाका वडा अध्यक्ष – अध्यक्ष

(ख) वडा समितिका सदस्यहरूमध्ये वडा समितिले तोकेको एक जना महिला सदस्य – सदस्य

(ग) सामुदायिक र संस्थागत विद्यालयको शिक्षकहरूमध्येबाट एक जना महिला सहित वडा समितिबाट छनौट भएका दुई जना – सदस्य

(घ) सामुदायिक र संस्थागत विद्यालय दुवैवाट प्रतिनिधित्व हुने गरी विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरू मध्ये वडा समितिले तोकेको दुई जना – सदस्य

(ङ) वडा सचिव – सदस्य सचिव

(२) वडा शिक्षा समितिको काम कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

१५. **सामुदायिक सिकाई केन्द्रः–** पालिकाले समुदायमा साक्षरता, सीप विकास र निरन्तर सिकाइ समेतको काम गर्न तोकिए बमोजिम सामुदायिक सिकाइ केन्द्र सञ्चालन गर्न सक्नेछ।

१६. **अनुदानको व्यवस्थाः–** (१) यो ऐन प्रारम्भ हुँदाका बखत दिँदै आएको अनुदान रकममा कटौती नहुने गरी तोकिएको सुत्रको आधारमा गाउँपालिकाले सामुदायिक विद्यालयलाई अनुदान दिनेछ। तर कुनै विद्यालयले तोकिएको शैक्षिकस्तर कायम गर्न नसकेमा त्यस्ता विद्यालयलाई दिँइदै आएको अनुदान रकममा तोकिए बमोजिम कटौती गर्न सकिनेछ।

(२) सामुदायिक विद्यालयहरूले तोकिए बमोजिमका शर्त पूरा गरेको खण्डमा पालिकाले थप अनुदान समेत उपलब्ध गराउन सक्नेछ।

१७. **छात्रवृत्तिको व्यवस्थाः–** पालिकाले विद्यालयमा भर्ना हुने विद्यार्थीलाई तोकिए बमोजिम छात्रवृत्तिको व्यवस्था गर्न सक्नेछ।

१८. **प्रारम्भिक बाल शिक्षा, पूर्व प्राथमिक विद्यालय, बालविकास कक्षा, मन्टेश्वरी कक्षा सम्बन्धी व्यवस्था** :- प्रारम्भिक बाल शिक्षा, पूर्व प्राथमिक विद्यालय, बालविकास कक्षा, मन्टेश्वरी कक्षा सम्बन्धी अनुमती लगायतका काम सम्बन्धित वडा समितिको सिफारिसमा गाउँपालिकाले गर्नेछ।

१९. **प्रारम्भिक बालविकास केन्द्रलाई अनुदान दिन सक्ने :-** गाउँपालिकाले समुदाय र सामुदायिक विद्यालयमा नियमित सञ्चालन रहेका प्रारम्भिक बालविकास केन्द्रलाई तोकिएबमोजिम वार्षिक अनुदान दिन सक्नेछ।

२०. **विद्यालय व्यवस्थापन समितिः–** (१) सामुदायिक विद्यालयको सञ्चालन, रेखदेख, व्यवस्थापन र अनुगमन गर्नको लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः–

(क) अभिभावकले आफूहरूमध्येबाट छानी पठाएका दुईजना महिला सहित चारजना –सदस्य

(ख) विद्यालय रहेको सम्बन्धित वडाको वडा समितिका सदस्यहरू मध्येबाट वडा समितिले मनोनयन गरेको एकजना – सदस्य

(ग) विद्यालयका संस्थापक, स्थानीय बुद्धिजिवी, शिक्षाप्रेमी, विद्यालयलाई निरन्तर उल्लेख्य सहयोग गरेका व्यक्तिहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुईजना –सदस्य

(घ) विद्यालयका शिक्षक कर्मचारीले आफूहरूमध्येबाट छानी पठाएको एकजना –सदस्य

(ङ) विद्यालयको प्रधानाध्यापक –सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको समितिको वैठकमा विद्यालय स्तरीय बालक्लवका एक जना प्रतिनिधी आमन्त्रित सदस्यको रूपमा रहनेछन्।

(३) प्राविधिक र व्यावसायिक विषयमा अध्ययन वा तालिम गराइने माध्यमिक विद्यालयको विद्यालय व्यवस्थापन समितिमा गाउँपालिका क्षेत्रभित्रका सम्बन्धित विषय क्षेत्रका उद्योग तथा वाणिज्य महासंघका दुई जना प्रतिनिधी सदस्य रहनेछ।

(४) विद्यालय व्यवस्थापन समितिका सदस्यहरुले उपदफा (१) को खण्ड (क), (ख) वा (ग) बमोजिमका सदस्यहरुमध्येबाट छानेको सदस्य सो समितिको अध्यक्ष हुनेछ।

(५) विद्यालय व्यवस्थापन समितिको अध्यक्ष छनौट नभएसम्मका लागि वा अध्यक्षको अनुपस्थितिमा सो समितिका ज्येष्ठ सदस्यले वैठकको अध्यक्षता गर्नेछ।

(६) विशेष शिक्षा सञ्चालन गर्ने विद्यालयको व्यवस्थापन समितिमा कम्तीमा पचास प्रतिशत सदस्यहरू अपाङ्गता भएका व्यक्तिको अभिभावकहरू सदस्य रहनेछन्।

(७) व्यवस्थापन समितिको म्याद सकिनुभन्दा कम्तिमा एक महिना अगावै नयाँ व्यवस्थापन समितिको गठन बहालवाला व्यवस्थापन समितिले गरी पदभार हस्तान्तरण गर्नु पर्नेछ। यसो हुन नसकेमा वा व्यवस्थापन समिति गठन विवादित भएमा तोकिए बमोजिम व्यवस्थापन समितिको गठन शिक्षा समितिले गर्नेछ।

(८) पालिकाको शिक्षा प्रतिनिधि विद्यालय व्यवस्थापन समितिको वैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गरिनेछ।

(९) व्यवस्थापन समिति गठन सम्बन्धी अन्य व्यवस्था तोकिएबमोजिम हुनेछ।

(१०) प्रत्येक सामुदायिक विद्यालयमा शिक्षक र अभिभावकहरु सहितको एक शिक्षक अविभावक संघको व्यवस्था तोकिए बमोजिम हुनेछ।

(११) संस्थागत विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि प्रत्येक विद्यालयमा देहायका सदस्यहरू रहेको एक विद्यालय व्यवस्थापन समिति रहनेछः–

(क) विद्यालयको संस्थापक वा लगानीकर्ताहरू मध्येबाट सम्बन्धित विद्यालयको सिफारिसमा गाउँपालिका अध्यक्षवाट मनोनित भएका एक जना – अध्यक्ष

(ख) विद्यालयको संस्थापक वा लगानीकर्ताहरू मध्येबाट समितिले मनोनित गरेका एक जना महिला – सदस्य

(ग) विद्यालय रहेको सम्बन्धित वडाका वडा समितिका सदस्यहरूमध्येबाट वडा समितिले मनोनयन गरेको एकजना – सदस्य

(घ) स्थानीय शिक्षा प्रेमी वा समाजसेवीहरूमध्ये विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना महिला सहित दुई जना – सदस्य

(ङ) अभिभावकहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिले मनोनित गरेको एकजना –सदस्य

(च) पालिकाको शिक्षा हेर्ने कर्मचारी – सदस्य

(छ) सम्बन्धित विद्यालयको शिक्षकहरूले आफूहरू मध्येबाट छानीपठाएको एकजना प्रतिनिधि – सदस्य

(ज) विद्यालयको प्रधानाध्यापक – सदस्य–सचिव

(१२) सम्बन्धित वडाका वडा अध्यक्षलाई विद्यालय व्यवस्थापन समितिको बैठकमा आमन्त्रण गर्न सकिनेछ।

(१३) यस दफा बमोजिम छानिएका वा मनोनित अध्यक्ष वा सदस्यको पदावधि तीन वर्षको हुनेछ। त्यस्ता अध्यक्ष तथा सदस्यहरुले आफ्नो पद अनुसारको आचरण नगरेको देखिएमा त्यसरी छान्ने वा मनोनयन गर्ने अभिभावक, पदाधिकारी वा निकायले निजलाई जुनसुकै बखत पदबाट हटाउन सक्नेछ ।

तर त्यसरी पदबाट हटाउनु अघि निजलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

(१४) सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः– सामुदायिक विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको चल, अचल सम्पत्तिको लगत राख्ने, राख्न लगाउने र सुरक्षा गर्ने,

(ग) विद्यालयको शैक्षिक, भौतिक तथा आर्थिक तथ्याङ्क र विवरण अद्यावधिक गराई राख्ने,

(घ) विद्यालयको वार्षिक बजेट स्वीकृत गर्ने र त्यसको जानकारी पालिकालाई दिने,

(ङ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्न धार्मिक वा साम्प्रदायिक भावनाको आधारमा विद्यालयको वातावरण धमिल्याउन नदिने,

(च) विद्यालय व्यवस्थापन समितिको सचिवालय व्यवस्थित गर्ने, गराउने,

(छ) विद्यालयमा आवश्यक पर्ने अध्यापन अनुमतिपत्र लिई प्रचलित कानुन बमोजिम शिक्षक सेवा आयोगबाट सिफारिस भएका शिक्षक काममा लगाउने,

(ज) पालिकावाट खटिएका शिक्षक तथा कर्मचारीलाई हाजिर गराई काममा लगाउने,

(झ) पालिकाले तोकेका लेखापरीक्षकबाट विद्यालयको वार्षिक लेखा परीक्षण गर्ने,

(ञ) लेखापरीक्षकको प्रतिवेदन अनुसार तत्काल आवश्यक कारबाही गर्ने र त्यसको प्रतिवेदन शाखामा पेश गर्ने,

(ट) तोकिए बमोजिम विद्यालय सञ्चालन गर्ने र पठनपाठन गर्ने, गराउने,

(ठ) शिक्षा समिति र शिक्षा, यूवा तथा खेलकुद शाखाले दिएका निर्देशनहरूको पालना गर्ने,

(ड) विद्यालयको आन्तरिक श्रोतबाट खर्च व्यहोर्ने गरी नियुक्ती वा बढुवा गरेका शिक्षकको लागि सेवा, शर्त र सुविधा तोक्ने,

(ढ) विद्यालयले गरेका वार्षिक क्रियाकलापको सामाजिक परीक्षण गराउने,

(ण) विद्यालयको शैक्षिक गुणस्तर एवं भौतिक पूर्वाधार विकासका लागि गुरुयोजना बनाई पेश गर्ने,

(त) अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन तथा व्यवस्थापन गर्ने गराउने,

(थ) शिक्षक अभिभावक संघ गठन गर्ने।

(१५) संस्थागत विद्यालयको विद्यालय व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः–

(क) विद्यालय सञ्चालनको लागि प्राप्त साधन र स्रोतको परिचालन गर्ने,

(ख) विद्यालयको लागि आवश्यक भौतिक साधनको व्यवस्था गर्ने,

(ग) विद्यालयको चल, अचल सम्पत्तिको सुरक्षा र संरक्षण गर्ने,

(घ) विद्यालयमा स्वच्छ शैक्षिक वातावरण कायम राख्ने,

(ङ) विद्यालयले नेपाल सरकार र पालिकाले तोके बमोजिमको पाठ्यक्रम तथा पाठ्यपुस्तक अनिवार्य रूपमा लागू गर्ने, पाठ्यक्रमलाई सहयोग पुग्ने खालका स्वीकृत सन्दर्भ स्रोत सामग्री प्रयोग गर्ने,

(च) तोकिए बमोजिम विद्यालय सञ्चालन र पठनपाठन गर्ने, गराउने,

(छ) अध्यापन अनुमतिपत्र लिई प्रचलित कानुन बमोजिम शिक्षक पदको लागि उम्मेदवार हुन योग्यता पूरा गरेका व्यक्तिलाई शिक्षक पदमा नियुक्ति गर्ने,

(ज) नेपाल सरकारले तोकेको न्यूनतम तलब स्केलमा नघटाई शिक्षकलाई तलब दिने,

(झ) आचारसंहिता विपरित कार्य गर्ने शिक्षक कर्मचारीलाई कारबाही गर्ने,

(ञ) शिक्षा ऐन तथा नियमावली तथा अन्य कानूनमा उल्लेखित व्यवस्थाका अतिरिक्त पालिकाबाट जारी शिक्षा क्षेत्रसँग सम्बन्धित सवै नियम, नीति तथा निर्देशनहरूको पालना गर्ने,

(ट) शैक्षिक गुठीअन्तर्गत सञ्चालन भएका विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(ठ) अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन तथा व्यवस्थापन गर्ने गराउने।

केदारस्युँ गाउँपालिका

(१२) विद्यालय व्यवस्थापन समितिको अन्य काम, कर्तव्य, अधिकार र बैठकसम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

(१३) सहकारी विद्यालय व्यवस्थापन समितिको गठन, काम कतव्र्य अधिकार तोकिए बमोजिम हुनेछ।

२१. **विद्यालय व्यवस्थापन समिति विघटन गर्न सकिनेः–** (१) कुनै विद्यालयको व्यवस्थापन समितिले तोकिएको जिम्मेवारी पूरा गर्न नसकेको निष्कर्ष सहित वडा शिक्षा समिति मार्फत् शिक्षा समितिमा प्रतिवेदन पेश भएमा शिक्षा समितिले उक्त प्रतिवेदन उपर छानविन गर्नेछ। शिक्षा समितिको छानविनले समेत तोकिएको जिम्मेवारी पुरा गर्न नसकेको निष्कर्ष निकालेमा शिक्षा समितिले त्यस्तो विद्यालय व्यवस्थापन समिति तोकिएको प्रकृया पुऱ्याई विघटन गर्न सक्नेछ। तर त्यसरी विघटन गर्नु अघि विद्यालय व्यवस्थापन समितिलाई आफ्नो सफाइ पेश गर्ने मनासिब मौका दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम विद्यालय व्यवस्थापन समिति विघटन भएपछि अर्को विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म वा अन्य कुनै कारणले विद्यालय व्यवस्थापन समिति गठन नभएसम्म विद्यालय व्यवस्थापन समितिको काम गर्न शिक्षा समितिले एक अस्थायी विद्यालय व्यवस्थापन समिति गठन गर्न सक्नेछ।

२२. **विद्यालयको विनियमावली :-** (१) यो ऐन र प्रचलित कानूनको अधीनमा रही प्रत्येक विद्यालयले विद्यालयको लक्ष्य, मूल्य मान्यता, सञ्चालन प्रकृया लगायतका अन्य सान्दर्भिक विषयवस्तु समावेश गरिएको संस्थागत विद्यालयले विधान र सामुदायिक विद्यालयले विनियमावली बनाई लागू गर्न सक्नेछ।

(२) अभिभावकहरु सभाले विधान/विनियमावली आवश्यकता अनुसार संसोधन गर्न सक्नेछ तर संस्थागत विद्यालयको हकमा शिक्षा ऐन, कम्पनी ऐन तथा गुठीसँग नबाझिने गरी संचालक, लगानीकर्ताहरुको सभाले विधान संसोधन गर्न सक्नेछ।

(३) विधान/विनियमावली अनुसार विद्यालय सञ्चालन गर्नु व्यवस्थापन समिति, प्रधानाध्यापक/प्रबन्धक लगायत अन्य सबैको कर्तव्य हुनेछ।

(४) अध्यावधिक विधान/विनियमावलीको प्रमाणित प्रतिलिपि पारित भएको मितिबाट १५ दिनभित्र व्यवस्थापन समितिले पालिकाको शिक्षा, यूवा तथा खेलकुद शाखामा पेश गर्नु पर्नेछ।

(५) विद्यालयको विधान/विनियमावली सार्वजनिक दस्तावेज हुनेछ र सो दस्तावेज सबैले हेर्न पाउनु पर्नेछ।

## परिच्छेद - ४
## शिक्षा विकास कोष

२३. **पालिका शिक्षा विकास कोषः–** (१) सामुदायिक विद्यालयको भौतिक पूर्वाधार विकासमा सहयोग पुर्‍याउन तथा त्यस्ता विद्यालयमा शैक्षिक गुणस्तर अभिवृद्धि गर्नको लागि स्तरमा एक शिक्षा विकास कोष रहनेछ।

(२) उपदफा (१) बमोजिमको कोषमा देहायका रकमहरू रहने छन्ः–

केदारस्युँ गाउँपालिका

(क) नेपाल सरकारबाट प्राप्त अनुदान रकम,

(ख) प्रदेश सरकारबाट प्राप्त अनुदान रकम,

(ग) पालिकाबाट प्राप्त अनुदान रकम,

(घ) पालिकामा स्थापित शैक्षिक विकास कोषको रकम,

(ङ) संस्थागत विद्यालयबाट प्राप्त विद्यालयको वार्षिक कूल आम्दानीमध्ये तोकिए बमोजिमको रकम,

(च) दान, दातव्य, पुरस्कार र चन्दाबाट प्राप्त रकम,

(छ) सरकारी तथा गैरसरकारी संघ संस्थाबाट प्राप्त रकम,

(ज) दातृ निकायबाट प्राप्त रकम,

(झ) अन्य स्रोतबाट प्राप्त रकम।

२४. **पालिका शिक्षा कोष सञ्चालक समितिः–** (१) कोष सञ्चालक समिति देहाय बमोजिम हुनेछ।

(क) गाउँपालिका अध्यक्ष - अध्यक्ष

(ख) गाउँपालिका उपाध्यक्ष - सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत – सदस्य

(घ) आर्थिक प्रशासन शाखा प्रमुख – सदस्य

(ङ) शिक्षा,यूवा तथा खेलकुद शाखा प्रमुख - सदस्य सचिव

(२) उपदफा (१) बमोजिमको कोष सञ्चालक समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि तोकिए बमोजिम हुनेछ।

(३) कोषको खाता सञ्चालन सञ्चालक समितिको निर्णयानुसार प्रमुख प्रशासकीय अधिकृत र आर्थिक प्रशासन शाखा प्रमुखको संयुक्त दस्तखतबाट सञ्चालन गरिनेछ। सो कोषको सञ्चालन तथा आर्थिक कारोबार समितिको निर्णयबाट मात्र हुनेछ।

(४) कोषको सञ्चालन प्रचलित कानुन बमोजिम हुनेछ।

२५. **विद्यालय कोषः** (१) प्रत्येक विद्यालयमा एउटा विद्यालय कोष हुनेछ, जसमा देहाय बमोजिमका स्रोतवाट प्राप्त रकम रहनेछः–

(क) नेपाल सरकार, प्रादेशिक सरकार र स्थानीय सरकारबाट प्राप्त अनुदान,

(ख) पालिकाको शिक्षा कोषबाट प्राप्त अनुदान,

(ग) शुल्क तथा सहयोगबाट प्राप्त रकम,

(घ) चन्दा वा दान दातव्यबाट प्राप्त रकम र

(ङ) अन्य स्रोतबाट प्राप्त रकम।

(२) उपदफा (१) बमोजिमको कोषको सञ्चालन र लेखापरीक्षण तथा सामाजिक लेखापरीक्षण तोकिए बमोजिम हुनेछ।

**२६. पालिकाले निर्देशन दिन सक्नेः–** (१) पालिकाले विद्यालय व्यवस्थापन समितिलाई तोकिएको क्षेत्रसँग सम्बन्धित आवश्यक निर्देशनहरू दिन सक्नेछ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु विद्यालय व्यवस्थापन समितिको कर्तव्य हुनेछ।

**२७. विद्यालय सार्न, गाभ्न, नाम परिवर्तन गर्न वा बन्द गर्न सक्नेः–** शिक्षा समितिले स्वीकृत मापदण्डको आधारमा हाल सञ्चालनमा रहेका कुनै विद्यालयलाई विद्यार्थी संख्या, सेवा क्षेत्रको जनसंख्या, सम्बन्धित विद्यालयहरुको सहमतिको आधारमा एक स्थानबाट अर्को स्थानमा सार्न वा दुई वा दुईभन्दा बढी विद्यालयलाई गाभी एउटा विद्यालय कायम गर्न, वा कुनै विद्यालयको कुनै तह हटाउन वा कुनै कक्षाको सञ्चालन अनुमति रद्ध गर्न वा विद्यालयको नाम परिवर्तन गर्न वा विद्यालय बन्द गर्न वा तोकिएको ठाउँ वा क्षेत्रमा विद्यालय खोल्न वा विद्यालयमा कक्षा थप गरी सञ्चालन गर्न अनुमति वा स्वीकृति प्रदान गर्न सक्नेछ ।

**परिच्छेद - ५**

**विद्यालयको सम्पत्ति, विद्यालय वर्गीकरण तथा अतिरिक्त क्रियाकलाप**

**२८. विद्यालयको सम्पत्तिः–** (१) सामुदायिक विद्यालयको हकभोगमा रहेको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ। यस ऐन बमोजिम अनुमति वा स्वीकृति रद्द गरिएको वा कुनै विद्यालयमा गाभिएको सामुदायिक विद्यालयको सम्पत्तिको व्यवस्थापन पालिकाको निर्णयानुसार हुनेछ।

(२) शैक्षिक गुठी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही विद्यालयको नाममा रहने छ। कुनै विद्यालय सार्वजनिक शैक्षिक गुठीको रूपमा सञ्चालन गरिएकोमा त्यस्तो विद्यालयको सम्पत्ति सार्वजनिक सम्पत्ति मानिनेछ र त्यस्तो सम्पत्तिको स्वरूप परिवर्तन गर्न पाइने छैन।

(३) कम्पनी अन्तर्गत सञ्चालित संस्थागत विद्यालयको सम्पत्ति सोही कम्पनीको नाममा रहनेछ।

(४) संस्थागत विद्यालयले कुनै व्यक्ति वा संघ संस्थासँग दान दातव्यको रूपमा कुनै किसिमको चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि पालिकाको अनुमति लिनु पर्नेछ। तर विदेशी व्यक्ति वा संघ संस्थाबाट त्यसरी चल, अचल सम्पत्ति प्राप्त गर्नु अघि पालिका मार्फत नेपाल सरकारको पूर्व स्वीकृति लिनु पर्नेछ।

(५) नेपाल सरकारको वा पालिकाको स्वीकृतिमा प्राप्त गरेको सम्पत्ति नेपाल सरकारबाट प्राप्त भएको हकमा नेपाल सरकारको र पालिकाबाट प्राप्त भएको हकमा पालिकाको स्वीकृति बेगर बेचबिखन गर्न पाइने छैन।

(६) सामुदायिक विद्यालयको सार्वजनिक अचल सम्पति लिजमा, भाडामा वा व्यावसायिक प्रयोजनमा दिदाँ विद्यालयले पालिकाको अनुमति लिएर मात्र दिनुपर्नेछ।

(७) सामुदायिक विद्यालयको भोगचलनमा रहेको सार्वजनिक अचल सम्पति विद्यालयले लिजमा, भाडामा वा व्यावसायिक प्रयोजनमा दिदाँ पालिकाको अनुमति लिएर मात्र दिनुपर्नेछ।

**२९. विद्यालयलाई छुट र सुविधाः–** (१) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएतापनि सामुदायिक विद्यालय र सहकारी तथा शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयको नाममा जुनसुकै लिखत पारित गर्दा रजिष्ट्रेशन दस्तुर लाग्ने छैन।

(२) उपदफा (१) मा लेखिएदेखि बाहेक अन्य विद्यालयको नाममा कुनै लिखत पारित गर्दा नेपाल सरकारले/ पालिकाले तोकिएको आधारमा रजिष्ट्रेशन दस्तुर छुट दिन सक्नेछ।

(३) सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीहरुको शैक्षिक उपलब्धी स्तर बृद्धि गर्न र विद्यालय स्रोतबाट तलव, भत्ता खाने गरी नियुक्ति गरिएका शिक्षक कर्मचारीको पारिश्रमिकको खर्च जुटाउने गरी विद्यालयले आफ्नो स्रोतमा निमार्ण गरेका आयआर्जन हुने सम्पत्तिहरु जस्तैः माछापोखरी, सटरहरु आदिको विविध कर र विद्यालयको जग्गा मालपोत (तिरो) दस्तुर छुट हुनेछ। तर यस्ता कार्य गर्दा पालिकाबाट स्वीकृती लिनुपर्नेछ।

(४) सामुदायिक विद्यालयहरुले भवन निमार्ण गर्दा अनिवार्य रुपमा पालिकाबाट नक्सा पास गरी भवन निर्माण अनुमती प्राप्त गर्नु पर्नेछ। यसरी नक्सा पास गर्दा लाग्ने नक्सापास दस्तुर छुट हुनेछ।

(५) सामुदायिक विद्यालय र शैक्षिक गुठीको रूपमा सञ्चालित संस्थागत विद्यालयलाई दिइने अन्य छुट र सुविधा तोकिए बमोजिम हुनेछ।

(६) संस्थागत विद्यालयमा कार्यरत शिक्षक कर्मचारीहरुको न्यूनतम सेवा सुविधा र शर्तनामा तोकिए बमोजिम हुनेछ।

३०. **अनुमति वा स्वीकृति रद्द गर्नेः–** कुनै संस्थागत विद्यालयले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम विपरीत अन्य कुनै काम गरेमा तोकिएको अधिकारीले तोकिएको प्रक्रिया पूरा गरी त्यस्तो विद्यालयलाई प्रदान गरिएको अनुमति वा स्वीकृति रद्द गर्नेछ। तर त्यसरी अनुमति वा स्वीकृति रद्द गर्नु अघि सम्बन्धित विद्यालयलाई आफ्नो सफाई पेश गर्ने मौकाबाट बञ्चित गरिने छैन।

३१. **विद्यालयको वर्गीकरणः–** विद्यालयलाई तोकिएको आधारमा वर्गीकरण गरिनेछ।

३२. **विद्यालयलाई सुरक्षित क्षेत्रको रूपमा कायम गर्नु पर्नेः–** (१) विद्यालयमा स्वतन्त्र र भयरहित रूपमा अध्ययन, अध्यापन गर्ने वातावरण सृजना गर्न तथा विद्यालयभित्र कुनै पनि किसिमको अवाञ्छित क्रियाकलाप हुन नदिने गरी विद्यालयलाई सुरक्षित क्षेत्र कायम गर्नु पर्नेछ।

(२) उपदफा (१) वमोजिम सुरक्षित क्षेत्र कायम गर्दा विद्यालयले पालना गर्नु पर्ने शर्त तथा मापदण्ड तोकिए बमोजिम हुनेछ।

३३. **अतिरिक्त क्रियाकलाप सञ्चालन सम्बन्धि व्यवस्था :-** विद्यालयले विद्यार्थीहरुको सिर्जनात्मक प्रतिभाको विकासका लागि विद्यालयमा तोकिएबमोजिम अतिरिक्त क्रियाकलाप सञ्चालन गर्नु पर्नेछ।

३४. **शुल्कसम्बन्धी व्यवस्थाः–** (१) नेपाल सरकारले निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय शिक्षाका लागि सामुदायिक विद्यालयले विद्यार्थीको नाममा कुनै किसिमको शुल्क लिन पाउने छैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि कुनै अभिभावकले दान, उपहार, चन्दा वा सहयोग सामुदायिक विद्यालयलाई दिन सक्नेछ।

(३) सबै बालबालिकालाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्म निःशुल्क शिक्षा प्रदान गर्नको लागि पालिकाले आवश्यक स्रोतको व्यवस्था गर्नेछ।

(४) उपदफा (१) बमोजिम निःशुल्क शिक्षा घोषणा गरेको विद्यालय बाहेकको अन्य विद्यालयमा अध्ययन गर्ने विद्यार्थीसँग लिइने शुल्क तोकिएको आधारमा निर्धारण गरिनेछ।

(५) विद्यालयले विद्यार्थीलाई कुनै कक्षामा भर्ना गर्दा एकपटक भर्ना शुल्क लिइसकेपछि पुनः सोही विद्यालयको अर्को कक्षामा भर्ना गर्नको लागि कुनै किसिमको शुल्क लिन पाउने छैन।

(६) विद्यालयले विद्यालयको भौतिक संरचना निर्माण गर्नको लागि विद्यार्थीसँग कुनै किसिमको शुल्क लिन पाउने छैन।

(७) संस्थागत विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क निर्धारण विधि तोकिए बमोजिम हुनेछ।

(८) सहकारी विद्यालयले विद्यार्थीसँग लिन पाउने शुल्क निर्धारण विधि तोकिए बमोजिम हुनेछ।

(९) यस ऐन विपरीत शुल्क लिने विद्यालयलाई उक्त शुल्क फिर्ता गराई गाउँपलिका अध्यक्षले एक लाख रूपैयाँसम्म जरिवाना गर्न सक्नेछ।

**परिच्छेद - ६**

**शिक्षक महासंघ, पदीय आचरण , शिक्षकको नियुक्ति तथा सरुवा र दरबन्दी मिलान**

३५. **शिक्षकको पेशागत महासंघसम्बन्धी व्यवस्थाः-** सामुदायिक विद्यालयका शिक्षकहरूको पेशागत हकहितको सम्बन्धमा कार्य गर्न पालिका क्षेत्रभित्र तोकिए बमोजिमको साझा संगठनको रुपमा एक शिक्षक महासंघ रहनेछ।

३६. **शिक्षक तथा कर्मचारीको पदीय आचरणसम्बन्धी व्यवस्थाः-** (१) शिक्षक वा कर्मचारीलाई देहायको अवस्थामा तोकिएको अवस्था पुरा गरि हटाउन सकिनेछ।

(क) तोकिए बमोजिमका पदीय दायित्व पूरा नगरेमा,

(ख) विना सूचना लगातार पन्ध्र दिनभन्दा बढी समय विद्यालयमा अनुपस्थित रहेमा,

(ग) विद्यालयमा मादक/मदिराजन्य पदार्थ सेवन गरी आएको प्रमाणित भएमा वा विद्यालयभित्र सूर्तीजन्य पदार्थ सेवन गरेमा,

(घ) नैतिक पतन देखिने कुनै फौजदारी अभियोगमा अदालतबाट कसुरदार ठहरिएमा,

(ङ) भ्रष्टचारजन्य अपराध गरेको प्रमाणित भएमा।

(च) सामुदायिक विद्यालयका शिक्षक वा कर्मचारीले कार्यालय समयमा अन्यत्र अध्यापन वा काम गरेमा वा अन्य कुनै व्यावसायिक क्रियाकलाप गरेमा,

(छ) शिक्षक वा कर्मचारीहरूले व्यवसायिक हक हितका नाममा अमूक राजनैतिक दलको मात्र हित वा विरोधमा कार्य गर्ने संगठनका गतिविधिमा कार्यालयको समयमा संलग्न भएमा।

(२) उपदफा (१) वमोजिम वा अन्य माध्यमले कुनै शिक्षक वा कर्मचारीलाई पदबाट हटाउनु पर्ने पर्याप्त प्रमाण प्राप्त भएमा तोकिएको अधिकारीले निजलाई पदबाट हटाउन सक्नेछ। तर कार्यरत पदवाट हटाउनु अघि मनासिव माफिकको स्पष्टिकरणको मौका भने प्रदान गरिने छ।

३७. **स्थायी आवासीय अनुमति लिन नहुनेः–** सामुदायिक विद्यालयमा कार्यरत शिक्षक वा कर्मचारीहरूले कुनै पनि देशको स्थायी आवासीय अनुमति लिन वा त्यस्तो अनुमति प्राप्त गर्नको लागि आवेदन दिन हुँदैन।

स्थायी आवासीय अनुमति लिएका तथा लिन आवेदन दिने शिक्षक वा कर्मचारीहरूलाई दिइने दण्ड तथा सजाय संघीय शिक्षा ऐन नियममा व्यवस्था भए बमोजिम हुनेछ।

३८. **शैक्षिक योग्यताः**– विद्यालयको शिक्षकको लागि चाहिने न्यूनतम शैक्षिक योग्यता तोकिए बमोजिम हुनेछ।

३९. **शिक्षक विद्यार्थीको अनुपातः**– पालिकाले प्रत्येक विद्यालयमा नियमित अध्ययन गर्ने विद्यार्थी संख्या र विषयका आधारमा तोकिए बमोजिम विद्यार्थी तथा शिक्षकको अनुपात कायम हुनेछ।

४०. **शिक्षकलाई अन्य काममा लगाउन नहुनेः**– (१) सामुदायिक विद्यालयको शिक्षकलाई शिक्षा प्रदान गर्ने वा विद्यालय प्रशासन सम्बन्धी काममा बाहेक अन्य काममा लगाउन हुँदैन।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि विद्यालयको पठन पाठनमा बाधा नपर्ने गरी राष्ट्रिय जनगणना, निर्वाचनसम्बन्धी काम, दैवी प्रकोप उद्धार वा नेपाल सरकार र पालिकाले तोकेको अन्य कुनै काममा खटाउन सकिनेछ।

४१. **निलम्बन तथा पुनः बहाली हुन सक्नेः**– (१) दफा ३६ मा उल्लेख भएका कुनै पनि कसुरमा सम्बन्धित अदालतमा अभियोग पत्र दायर भएमा स्वतः निलम्बन भएको मानिनेछ।

(२) दफा ३७ मा उल्लेख भएका कुनै वा केही आरोपमा सजाय भई नोकरीबाट हटाइएको वा बर्खास्त भएको शिक्षक/कर्मचारी अदालतको आदेश वा फैसला बमोजिम मात्र नोकरीमा पुनः बहाली हुन सक्नेछ।

(३) उपदफा (२) बमोजिम पुनः बहाली भएको शिक्षकले नोकरीबाट हटेदेखि पुनःबहाली भएको मितिसम्मको पूरा तलब, भत्ता र तलब वृद्धि समेत पाउनेछ।

४२. **शिक्षकको नियुक्ति र सरूवाः**– (१) विद्यालयमा रिक्त दरबन्दीमा करार शिक्षक नियुक्तिको व्यवस्था तोकिए बमोजिम हुनेछ। स्थायी शिक्षकको नियुक्ति तथा पदस्थापना संघीय शिक्षक सेवा आयोगले तोके बमोजिम हुनेछ।

(२) विद्यालयको रिक्त दरबन्दीमा करार शिक्षकको नियुक्ति गर्दा शिक्षा विकास तथा समन्वय इकाई बझाङसँग समन्वय गरी पालिकाले तयार गरेको विषयविज्ञको सूचिबाट विषयविज्ञ पालिकाले तोक्नेछ।

(३) सरूवा हुन आवेदन दिने दरवन्दीमा कार्यरत शिक्षकलाई पालिका भित्रका कार्यरत विद्यालयको व्यवस्थापन समिति र सरूवा हुने विद्यालयको व्यवस्थापन समितिको सिफारिस तथा विद्यालयको सिफारिसमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी विषयगत दरवन्दी समेतको आधारमा शिक्षा समितिले तोकिए बमोजिमको प्रकृया अपनाई रिक्त दरवन्दीमा सरूवा गर्न सक्नेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि शिक्षा समितिले आवश्यक सम्झेमा क्षेत्र भित्रका विद्यालयका स्थायी शिक्षक तथा कर्मचारीलाई सरुवा गर्न सक्नेछ।

(५) सरूवा हुन आवेदन दिने दरवन्दीमा कार्यरत् शिक्षकलाई पालिका भित्रका कार्यरत् विद्यालयको व्यवस्थापन समितिको सिफारिस र सरुवा भई जाने विद्यालय व्यवस्थापन समितिको सिफारिसमा कक्षा सञ्चालनमा बाधा नपर्ने गरी पालिकाको शिक्षा, यूवा तथा खेलकुद शाखाले अर्को स्थानीय तहमा सरूवाको लागि सहमति दिन सक्नेछ।

(६) राहत दरबन्दीमा कार्यरत शिक्षकको दोहोरो पारस्परिक सरुवाका लागि निवेदन पेश भएमा अन्तर स्थानीय तहमा सरुवाका लागि सहमति दिने र अन्य स्थानीय तहबाट सहमति प्राप्त भएमा सरुवा भई आउन र जानका लागि सहमति दिन सक्ने छ।

४३. **दरबन्दी मिलानः**– (१) तोकिएको मापदण्ड अनुसार विद्यार्थी संख्याको अनुपात र विषयगत आधारमा बढी दरबन्दी भएको विद्यालयबाट कम दरबन्दी भएको विद्यालयमा शिक्षा समितिले तोकिएको प्रकृया पूरा गरी दरबन्दी मिलान गर्न सक्नेछ।

(२) शिक्षक तथा कर्मचारीको दरवन्दी मिलान तोकिएका मापदण्डका आधारमा शिक्षा समितिले गरेको निर्णय बमोजिम हुनेछ।

## परिच्छेद - ७
## विविध

४४. **संस्थागत विद्यालयले छात्रवृत्ति उपलब्ध गराउनु पर्नेः**– (१) संस्थागत विद्यालयले विद्यालयमा भर्ना भएका कूल विद्यार्थी संख्याको कम्तीमा दश प्रतिशतमा नघट्ने गरी तोकिए बमोजिम आर्थिक रूपमा विपन्न, अपाङ्गता भएकाहरू, महिला, दलित, जनजाति, जेहेन्दार र अल्पसंख्यक विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनु पर्नेछ।

(२) उपदफा (१) बमोजिम छात्रवृत्तिको लागि विद्यार्थी छनौट गर्न प्रत्येक विद्यालयमा विद्यालयको अध्यक्ष, विद्यालयको प्रधानाध्यापक, शिक्षा प्रतिनिधि र विद्यालय व्यवस्थापन समितिमा रहेका अभिभावकको प्रतिनिधित्व रहेको एक छात्रवृत्ति छनौट समिति रहनेछ।

(३) समितिले छनौटको लागि आधार, शर्त र प्रक्रिया तयार गरी सो विद्यालय व्यवस्थापन समितिबाट स्वीकृत गराई सार्वजनिक गरी छात्रवृत्ति उपलव्ध गराउनु पर्नेछ।

(४) समितिले छात्रवृत्तिको लागि छनौटको नतिजा छनौटका आधारहरु सहित सार्वजनिक गर्नु पर्नेछ।

४५. **संस्थागत विद्यालयको हकमा लागू नहुने :-** यस ऐन र यस ऐन अन्तर्गत बन्ने नियमावली, निर्देशिका र कार्यविधिमा सामुदायिक विद्यालयका लागि मात्र लागु हुने गरी उल्लेख भएका व्यवस्थाहरु संस्थागत विद्यालयको हकमा लागु हुने छैनन्।

४६. **तलब भत्ता नपाउने र सेवा अवधि गणना नहुनेः**– दफा ४१ मा उल्लेखित अवस्थामा वा नियमानुसार विदा स्वीकृत गराई बसेको अवस्थामा बाहेक विद्यालयमा अनुपस्थित रहेका शिक्षकले अनुपस्थित अवधिको तलब, भत्ता पाउने छैनन् र त्यस्तो अवधी निजको सेवामा समेत गणना हुने छैन।

४७. **प्रधानाध्यापक तथा शिक्षक, कर्मचारी सम्बन्धी व्यवस्था:-** (१) सामुदायिक विद्यालयमा एक प्रधानाध्यापक र पालिकाले स्वीकृत गरे बमोजिमको संख्यामा शिक्षक तथा कर्मचारीको दरबन्दी रहनेछ।

(२) उपदफा (१) बमोजिमका प्रधानाध्यापक तथा कर्मचारी नियुक्ति, सेवाको सर्त र सुविधासम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) संस्थागत विद्यालयमा कार्यरत शिक्षक कर्मचारीहरुको न्यूनतम सेवा सूविधा र शर्तनामा तोकिए बमोजिम हुनेछ।

४८. **बालबालिकालाई निष्काशन गर्न, शारीरिक वा मानसिक दुर्व्यवहार गर्न नहुनेः**– (१) सामान्यतया कुनै पनि बालबालिकालाई विद्यालयबाट निष्काशन गर्न पाईने छैन।

(२) विद्यालयमा अध्ययनरत बालबालिकालाई शारीरिक वा मानसिक यातना दिन वा दुर्व्यवहार गर्न पाइने छैन।

४९. **शैक्षिक परामर्श सेवा, विदेशी शैक्षिक कार्यक्रम वा शिक्षण कोर्स सञ्चालनः**– (१) कसैले पनि यस ऐन बमोजिम अनुमति नलिई शैक्षिक परामर्श सेवा, ट्यूशन सेन्टर , ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न पाउने छैन।

(२) उपदफा (१) बमोजिम शैक्षिक कार्यक्रम, ट्यूशन सेन्टर, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा वा पूर्व तयारी कक्षा वा विदेशी मुलुकमा सञ्चालित कुनै शैक्षिक कार्यक्रम सञ्चालन गर्न अनुमति लिने सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

(३) माथि उल्लेखित शैक्षिक संघ संस्थाहरुले अनुमति लिई सके पछि प्रत्येक बर्ष लेखा परीक्षण, प्रगति प्रतिवेदन पेश गर्ने र सालबसाली नविकरण गर्नुपर्ने छ।

५०. **प्रगति विवरण बुझाउनु पर्नेः**– विद्यालयले प्रत्येक वार्षिक तथा त्रैमासिक रुपमा तोकिए बमोजिमका विवरण सहितको प्रगति विवरण शाखामा बुझाउनु पर्नेछ।

५१. **लेखा र लेखापरीक्षणः**– विद्यालयले प्रचलित कानूनको अधिनमा रहि लेखा स्रेस्ता राख्नुपर्नेछ । विद्यालयको वार्षिक अन्तिम लेखा परीक्षण तोकिए बमोजिम हुनेछ।

५२. **प्रोत्साहन, पुरस्कार तथा सजाय सम्बन्धी व्यवस्था :-** (१) प्रोत्साहन, पुरस्कार सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) पालिकाले बालविकास कक्षाका सहजकर्ता, विद्यालयका शिक्षक तथा कर्मचारी र सामुदायिक सिकाइ केन्द्रका सहजकर्ताहरुलाई तोकिएबमोजिम प्रोत्साहन उपलब्ध गराउन सक्नेछ।

(ख) पालिकाले प्रत्येक वर्ष खण्ड (ग) बमोजिमको सिफारिस समितिको सिफारिसमा शिक्षा क्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याउने शिक्षक तथा कर्मचारीहरुलाई तोकिए बमोजिम शिक्षा सेवा पुरस्कार दिन सक्नेछ।

(ग) खण्ड (ख) बमोजिमको पुरस्कार सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछ।

(अ) पालिका अध्यक्ष - अध्यक्ष

(आ) पालिका उपाध्यक्ष - सदस्य

(इ) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ई) शिक्षा, यूवा तथा खेलकुद शाखा प्रमुख - सदस्य सचिव

(घ) सिफारिस समितिले तोकिएको मापदण्डका आधारमा पुरस्कारका लागि शिक्षक तथा कर्मचारीहरुको सिफारिस गर्नेछ।

(२) दण्ड सजाय सम्बन्धी व्यवस्था देहाय बमोजिम हुनेछ :-

(क) कसैले विद्यालयको सम्पत्ति हिनामिना वा नोक्सान गरेमा त्यस्तो व्यक्तिलाई अध्यक्षले बिगो असूल गरी विगो बमोजिम जरिवाना गर्न सक्नेछ।

केदारस्युँ गाउँपालिका

(ख) कसैले देहायका कार्य गरेमा, गर्न लगाएमा वा सो कार्य गर्न सहयोग पुर्‍याएमा त्यस्तो व्यक्तिलाई कसुरको मात्रा हेरी रू. एकलाख रूपैयाँ सम्म जरिवाना वा ६ महिना सम्म कैद वा दुवै सजाय हुन सक्नेछ।

(अ) प्रश्नपत्रको गोपनीयता भङ्ग गरेमा,

(आ) उत्तरपुस्तिका परीक्षण गर्दा लापरबाही वा गैर जिम्मेवारपूर्ण कार्य गरेमा,

(इ) परीक्षा केन्द्रमा सम्बन्धित पदाधिकारीको स्वीकृति बेगर प्रवेश गर्न प्रयत्न गरेमा वा प्रवेश गरेमा वा परीक्षा केन्द्र नियन्त्रणमा लिई अमर्यादित कार्य गरेमा,

(ई) परीक्षाफल प्रकाशनमा अनियमितता गरेमा,

(उ) अरूको तर्फबाट परीक्षा दिएमा,

(ऊ) परीक्षाको मर्यादा भङ्ग हुने अन्य कुनै कार्य गरेमा,

(ए) विद्यार्थी भर्ना गर्दा दान, उपहार वा कुनै रकम लिएमा,

(ऐ) अनुमति नलिई कुनै शैक्षिक कार्यक्रम, शैक्षिक परामर्श सेवा, ब्रिज कोर्स, भाषा शिक्षण कक्षा तथा पूर्व तयारी कक्षा सञ्चालन गरेमा,

(ओ) कानुन विपरीतको अन्य कार्य गरेमा।

(ग) कानून बमोजिमको कसुरको सम्बन्धमा विद्यालयको कुनै शिक्षक वा कर्मचारी उपर मुद्दा हेर्ने अधिकारी वा जिल्ला अदालतमा मुद्दा दायर भएमा त्यस्तो शिक्षक वा कर्मचारी त्यसरी मुद्दा दायर भएको मितिदेखि मुद्दाको टुङ्गो नलागेसम्म निलम्बन हुनेछ। सो शिक्षक वा कर्मचारी अदालतबाट कसुरदार ठहरिएमा निजलाई यस ऐन बमोजिम विभागीय सजाय गरिनेछ।

५३. **मुद्धा हेर्ने अधिकारीः**– यस ऐन र यस ऐन अन्तर्गत बनेको नियम बमोजिम गरिने सजाय सम्बन्धी मुद्धा हेर्ने अधिकार प्रचलित कानून बमोजिम अधिकार प्राप्त अधिकारीलाई हुनेछ र जरिवाना सम्बन्धि अधिकार गाउँपालिका अध्यक्षलाई हुनेछ।

५४. **पुनरावेदनः**– पालिका अध्यक्षले गरेको सजायको आदेश उपर सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन लाग्नेछ।

५५. **नियम बनाउने अधिकारः**– (१) यस ऐनको कार्यान्वयनका लागि देहायका विषयमा नियम, नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड बनाउने अधिकार कार्यपालिकालाई हुनेछ।

(क) प्रारम्भिक बाल विकास तथा शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाइ, सामुदायिक सिकाइ र विशेष शिक्षा,

(ख) सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय,

(ग) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम,

(घ) मातृभाषामा शिक्षा दिने विद्यालय,

(ङ) गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,

(च) शिक्षा समिति,

(छ) विद्यालय व्यवस्थापन समिति,

केदारस्युँ गाउँपालिका

(ज) विद्यालयको नामाकरण,

(झ) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,

(ञ) विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण,

(ट) सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान,

(ठ) विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,

(ड) सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,

(ढ) आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,

(ण) विद्यालयस्तरको परीक्षा, विद्यार्थी सिकाइ उपलब्धीको परीक्षण र व्यवस्थापन,

(त) निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,

(थ) ट्यूसन, कोचिङ जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,

(द) स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्धन र स्तरीकरण,

(ध) स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,

(न) माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,

(प) सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,

(फ) शिक्षण सिकाइ, शिक्षक र कर्मचारीको तालिम तथा क्षमता विकास,

(ब) अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन,

(भ) संस्थागत विद्यालयले विद्यार्थीबाट लिने शुल्क र सो असूल गर्ने तरिका,

(म) पालिकाबाट विद्यालयलाई दिइने अनुदान,

(य) शिक्षक व्यवस्थापन

(र) आवासीय विद्यालय र विद्यालय छात्रावास,

(ल) स्थानीय पाठ्यक्रम तथा विद्यालयमा लागु हुने थप सन्दर्भ सामग्री,

(व) शिक्षक तथा विद्यार्थी आचार संहिता,

(श) विद्यालयको पुस्तकालय र वाचनालय,

(ष) पालिकाभित्रका सामुदायिक विद्यालयमा प्रधानाध्यापक व्यवस्थापन,

(स) शिक्षा विकास कोष,

(ह) आधारभूत तथा माध्यमिक शिक्षा सम्बन्धी अन्य आवश्यक विषय।

(२) यस ऐनको कार्यान्वयनको लागि कार्यपालिकाले आवश्यक नियमावली, निर्देशिका, कार्यविधि, मापदण्ड तथा अन्य नियम बनाई लागू गर्न सक्नेछ।

५६. **संक्रमणकालीन व्यवस्थाः**– (१) यस ऐनले तोकिए वमोजिम हुने भनी व्यवस्था गरेको काम नियमावली नआउँदासम्म कार्यपालिकाले गर्न सक्नेछ।

(२) यो ऐन जारी भएपछि विद्यालयमा रिक्त रहेको दरबन्दीमा करार शिक्षक तथा कर्मचारी भर्नाको विज्ञापनको अनुमति शाखाले दिनेछ।

५७. **बाधा अडकाउ फुकाउने अधिकारः** (१) यस ऐनको उद्देश्य कार्यान्वयन गर्न कुनै बाधा–अड्काउ परेमा पालिकाले त्यस्तो बाधा अड्काउ हटाउन आदेश जारी गर्न सक्नेछ र त्यस्तो आदेश यसै ऐनमा परे सरह मानिनेछ।

(२) यो ऐन प्रारम्भ हुँदा विद्यालय व्यवस्थापन समिति गठन नगरेका विद्यालयहरुले यो ऐन जारी भएको ३ महिना भित्रमा यसै ऐन बमोजिम नयाँ समिति गठन गर्नुपर्ने छ । नियमानुसार गठन नभएका विद्यालय व्यवस्थापन समिति स्वतः निस्क्रिय भएको मानिनेछ।

५८. **बचाउ र लागू नहुनेः**(१) यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरुमा लेखिए जति कुरामा सोही बमोजिम र नलेखिएको कुरामा प्रचलित संघीय तथा प्रादेशिक कानून बमोजिम हुनेछ।

(२) संविधान, संघीय कानून र प्रदेश कानून सँग बाँझिएका यस ऐनका दफा तथा उपदफाहरू बाँझिएको हदसम्म स्वतः निस्कृय हुनेछन्।

(३) शिक्षा सम्बन्धी साझा अधिकारका विषयमा संघीय शिक्षा ऐन, प्रादेशिक शिक्षा ऐनले व्यवस्था गरे बमोजिम हुनेछ।

(४) यस अघि कानून बमोजिम नियुक्त शिक्षक कर्मचारीहरूलाई नेपाल सरकारले दिइदै आएको सुविधामा कुनै किसिमको कटौती गरिने छैन। तर यो व्यवस्थाले कानून बमोजिम दण्ड, सजाय र कारवाही गर्न बाधा पर्ने छैन।

केदारस्यूँ गाउँपालिका